# नागरिक समाजको साझा सार्वजनिक अपिल

**वि. सं. २०८२ मंसिर १८**

गत भदौ २३ र २४ को *जेन्जी (नवयुवा) आन्दोलन* पछि देश एक संवेदनशील एवं जटिल मोडमा उभिएको छ। यस गम्भीर चुनौतीबाट मुलुकलाई स्थिरता र लयमा फर्काउने जिम्मेवारी नेपाल सरकार, राजनीतिक दल, नवयुवा समेत हामी प्रत्येक नागरिकको पनि हो।

राज्य कमजोर बनेको यो संवेदनशील घडीमा, निर्वाचनको म्याण्डेट लिएर बनेको सरकारमाथि उसको म्याण्डेट र क्षमताभन्दा बाहिरका माग राख्ने, निहित राजनीतिक, समुहगत वा व्यक्तिगत एजेण्डा अघि सारेर अवरोध गर्ने र अनावश्यक भ्रम छर्ने तथा आशंका फैलाउने गतिविधिहरूले राष्ट्रलाई झनै कमजोर बनाउने निश्चित छ।

हामी सबैले गम्भीरतापूर्वक सोच्नुपर्छ यदि यो सरकार असफल भयो र निर्धारित मितिमा निर्वाचन हुन सकेन भने त्यसपछि उत्पन्न हुने रिक्तता र अनिश्चितताको अवस्था देशका लागि कति गम्भीर र दुरगामी हुन सक्छ ।

तसर्थ, नेपालको संबिधान र यसबाट प्राप्त उपलब्धिको संरक्षण गर्दै जेन्जी (नवयुवा) आन्दोलनको तारो बनेको भ्रष्टाचार, नातावाद, कृपावाद, कुशासन जस्ता देशका दुस्मन प्रवृत्तिको अन्त्य गर्दै मुलुकलाइ असल शासनको बाटोमा लैजान र राष्ट्रलाइ थप अप्ठेरोमा नपारी सबैको अर्जुनदृष्टि २०८२ फागुन २१ गते हुने आम निर्वाचनमा केन्द्रित गर्न हामी आव्हान गर्दछौं। निर्वाचनका माध्यमबाट मात्रै संवैधानिक प्रक्रिया जीवन्त रहने र राजनीतिक दलहरूले अर्थपूर्ण गति पाउने बाटो निर्विघ्न रहन्छ।

यो निर्वाचनलाई स्वच्छ, निष्पक्ष, विश्वसनीय र भयमुक्त वातावरणमा सम्पन्न गर्न सरकार र निर्वाचन आयोगसंग हामी विशेष आग्रह गर्दछौं । सफल निर्वाचनमै यो सरकारको औचित्य पुष्टि हुने सत्यतालाई मनन गर्दै सरकारको प्रयास र कामकारवाही त्यसमै केन्द्रित होस् र बन्दै गएको निर्वाचन वातावरणलाई प्रतिकुल असर पार्न सक्ने कुनै कार्य नहोस् भनी हामी खबरदारी समेत गर्दछौं।

हामी आम नागरिक, राजनीतिक शक्ति, नागरिक समाज, सञ्चार माध्यम, जेनजी *(नवयुवा)* वर्ग, विभिन्न पेसाकर्मी तथा सबै जिम्मेवार पक्षहरुसंग— देशको स्थिरतासंग जोडिएको २०८२ फागुन २१ गतेको निर्वाचनलाई सफल, स्वच्छ र निष्पक्ष बनाउनका लागि सहयोगी भुमिका निर्वाह गर्न अपिल गर्दछौँ ।

तपसिलका नागरिकहरुको तर्फबाट हस्ताक्षरकर्ताः श्री केदारभक्त माथेमा

श्री अर्चना थापा
श्री इन्द्र अधिकारी
श्री उद्धव प्याकुरेल
श्री कनकमणी दीक्षित

श्री केदारभक्त माथेमा
श्री कृष्ण खनाल
श्री कृष्ण पोख्रेल
श्री खगेन्द्र संग्रौला
श्री गजाधर सुनार

श्री गेजा शर्मा वाग्ले
श्री चन्द्र किशोर
श्री चरण प्रसाईं
श्री जे.बी. विश्वकर्मा
श्री तुलानारायण साह
श्री दिपेन्द्र झा

श्री दोभान राई
श्री भोजराज पोखरेल
श्री महेश मास्के
श्री राजेन्द्र दाहाल
श्री स्टेला तामाङ

श्री सूर्य ढुंगेल
श्री सुवोधराज प्याकुरेल
श्री सुशिल प्याकुरेल
श्री हरि शर्मा
श्री विजयकान्त कर्ण
श्री विद्याधर मल्लिक
श्री वीरेन्द्रप्रसाद मिश्र